# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लहान (सिरहा)
प्रदेश नं.२, नेपाल
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)

## नदीजन्य पदार्थका विक्रीका लागि वोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०४/२०

स्थानीय सरकार सञ्चालन ऐन २०७४, तथा यस लहान नगरपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम यस नगरपालिका क्षेत्रभित्र रहेका खुट्टी, वलान, सरै, मुतनी र झिरझिरे खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लहान नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलवन्दी वोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर/आयकर/दुर्गा पुजा चन्दा वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७८/०७९ | नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | १,३७,८६९.९० (घनमीटर) ४८,६८,८२९.५७ (घनफिट) | १,६५,००,००१।- | ८,२५,००१।- | ३,०००।- |

**शर्तहरु :-**

०१. शिलवन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (औं) दिन अर्थात् मिती २०७८/०५/१७ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ३१ (औं) दिन अर्थात् २०७८/०५/१८ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

२०७८/४/१५

प्रमुख प्रशासकीय अधिकृत

०३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. बोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. लहान नगरपालिका क्षेत्रमा पर्ने वडा नं. २४ को खुट्टी र सर्रे खोलाको संगम स्थल देखि उत्तरतर्फ रहेको खुट्टीखोला साथै नगरपालिका द्वारा निषेधित क्षेत्र, वडा नं. १० गुदीगाउं पूल देखि पश्चिम ५०० मीटर सम्म सोही पुलको पुर्व/दक्षिण वडा नं. ४ मा अवस्थित फोहर मैला व्यवस्थापन केन्द्र सम्म तथा बलान पुलको उत्तर र दक्षिण ५००/५०० मीटर सम्म/अन्य पुलको ५०० मीटर क्षेत्र भित्र र अन्य सार्वजनिक संरचनाको १०० मीटर भित्र नदीजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री वितरण गर्न पाईनेछैन ।

०६. शिलवन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

०७. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त न.पा.द्वारा संचालित दुर्गा पूजाचन्दाकोलागि १.५% र १.५% आयकर रकम ठेक्का अंकमा जोडी कायम भएको रकम (दुई किस्ता) मा बुझाउनु पर्नेछ । किस्तावन्दीमा रकम बुझाउने भए कबोल अंकको ५०% रकम सम्झौता गर्नु अगाबै बुझाउनु पर्नेछ । बाँकी दोश्रो किस्ताको रकमको हकमा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको कम्तीमा २०७९ आषाढ मसान्तसम्म म्याद भएको परफरमेन्स बण्ड पेश भएपछि वा व्यक्तिको नाउँको धनजमानी वापत जग्गा रोक्का भएमा मात्र सम्झौता गरी चलन पूर्जि पट्टा दिईनेछ । दोश्रो किस्ताको रकम २०७८ फाल्गुण मसान्त भित्र बुझाई सक्नु पर्नेछ । तोकिएको म्यादमा किस्ता रकम नबुझाएमा नियमानुसार ठेक्का तोडने वा रोक्का जग्गा/परफरमेन्स बण्डवाट असुल उपर गरिनेछ ।

०८. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०९. शिलवन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

१०. नदी जन्य पदार्थ उत्खन्न कर संकलन गर्दा शुल्कदातालाई दिईने रसिद यस कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालयबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईने छ र दोहोरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्वारा कानूनी कार्यवाही गरिनेछ ।

११. दरवन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा ठेक्का तोडने तर्फ आवश्यक कार्यवाही अघि वढाउने छ ।

१२. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

२०७८/४/१९

नि.प्रमुख प्रशासकीय अधिकृत

१४. प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले १२ औं दिनको २:०० वजे लहान नगरपालिका कार्यालयमा हुने छ। ईच्छुक वोलपत्रदाताहरुले उक्त वैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

१५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरिनेछ। यस नगारपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौतको अभिन्न अंङ्ग मानिनेछ।

१६. बोलपत्र सम्वन्धी केही थप कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ।

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. २, नेपाल

२०७८।४।१५

नि.प्रमुख प्रशासकीय अधिकृत